वर्ष १६ | अंक १६१ | काठमाडौं | शुक्रवार, ६ चैत २०७७ | Friday, 19 March 2021 | पृष्ठ ८ | मूल्य रु. १०
@abhiyannationaldaily
@arthik_abhiyan

आर्थिक अभियान

हरेक दृष्टि, आर्थिक कोण

राष्ट्रिय दैनिक



जाजरकोट–रुकुम पश्चिम जोड्ने झोलुंगे पुल जीर्ण २

यामाहा महाएक्सचेन्ज मेला शुरु ३

राष्ट्रपतिका रूपमा रहँदा घट्यो ट्रम्पको सम्पत्ति ८

# नौमुरे बहुउद्देश्यीय आयोजनाको वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) प्रतिवेदनको तयारी सम्बन्धी सार्वजनिक सूचना

**प्रकाशित मितिः २०७७/१२/०६**

लुम्बिनी प्रदेशको प्युठान जिल्ला, अर्घाखाँची जिल्ला र कपिलवस्तु जिल्लामा नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानोगौचरण काठमाडौं द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौ, ईमेलः info@doed.gov.np, gpsdoed@yahoo.com, फोन नं.: ९७७-०१-४४१३६५३ |
| प्रस्तावको व्यहोरा | श्री विद्युत विकास विभागद्वारा लुम्बिनी प्रदेशको प्युठान जिल्ला भएर बग्ने माडी नदी र झिम्रुक नदी (मिसिए पछिको पश्चिम राप्ति नदी) को पानीको प्रयोग गरी प्रस्ताव गरिएको नौमुरे बहुउद्देश्यीय आयोजना अन्तर्गत निम्न आयोजनाहरू छन।<br>१. प्युठान जिल्लाको सरुमारानी गाउँपालिका वडा नं. १ र अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ७ को सिमानामा नौमुरे बाँध बनाई प्युठान जिल्लाको सरुमारानी गाउँपालिका वडा नं. १ मा विद्युतगृह निर्माण गरी २१८.३४ मेगावाट विद्युत उत्पादन गर्ने नौमुरे जलविद्युत आयोजना।<br>२. शितगंगा नगरपालिका वडा नं. ७ को लामाताल गाउँमा re–regulating बाँध बनाई ८ मेगावाट विद्युत उत्पादन गर्ने लामाताल जलविद्युत आयोजना।<br>३. लामाताल जलविद्युत आयोजनाको टेलरेसबाट छोडिने केहि पानीको प्रयोग गरी अर्घाखाँची जिल्लाको शितगंगा नगरपालिका वडा नं. ११ हुँदै सुरुङ्ग मार्फत कपिलवस्तु जिल्लाको शिवराज नगरपालिका वडा नं. १ मा रहने विद्युतगृहबाट अधिकतम ५४.८ मेगावाट विद्युत उत्पादन गरिने सुराईनाका जलविद्युत आयोजना। |

**प्रभाव पर्ने सक्ने जिल्ला/नगरपालिकाहरु/गाउँपालिकाहरु**

| जिल्ला | नगरपालिकाहरु/गाउँपालिकाहरु | सम्बन्धित वडाहरु |
|---|---|---|
| प्युठान | ऐरावती गाउँपालिका | १,२,३,४,५,६ |
| | सरुमारानी गाउँपालिका | १,२,३,४,५ |
| | माण्डवी गाउँपालिका | १,२,३,४,५ |
| अर्घाखाँची | शितगंगा नगरपालिका | ७, ११ |
| | भूमिकास्थान गाउँपालिका | ३,४,५,६ |
| | मालारानी गाउँपलिका | ५ |
| कपिलवस्तु | शिवराज नगरपालिका | १ |
| दाङ | राप्ती गाउँपालिका | १,२ |
| | गढवा गाउँपालिका | १ |

माथि उल्लिखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको नगरपालिका/गाउँपालिकामा तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल सरकार, ऊर्जा, जलस्रोत तथा सिंचाइ मन्त्रालय, विद्युत विकास विभाग, सानो गौचरण, काठमाडौ, ईमेलः info@doed.gov.np, gpsdoed@yahoo.com फोन नं.: ९७७-०१-४४१३६५३ |
| परामर्शदाताको नाम र ठेगाना | ईन्भाईरोमेन्ट एण्ड रिसोर्स म्यानेजेमेन्ट कन्सल्ट प्रा. लि. नेपाल, एकिओना ईन्जिनियेरिया एस. ए. स्पेन र नेपाल ईन्भाईरोमेन्ट एण्ड साईन्टिफिक सर्भिसेज प्रा. लि. नेपाल को जे भि, ईमेलः safe@ermc.wlink.com.np, फोन नं.: ९७७-०१-४४८३०६४ |